

## हात्तीले आक्रमण गर्ने अवस्था

- मात लागेको अवस्थामा ।
- सानो बच्चा साथमा भएको अवस्थामा ।
- भाले लाग्ने अवस्थामा ।
- जम्काभेट भएमा वा अचानक हात्तीको नजिक पुगेको अवस्थामा ।
- चरीरहेको बेला जिस्काए वा होहल्ला गरेमा ।खेती खान आउँदा धपाएको बेला रिसाएर आक्रमण गर्नसक्छ ।
- आगोको अगुल्टो वा कनै वस्तुले हानेको भए त्यस्तो वस्तु देखासाथ हात्तीले आक्रमण गर्न सक्छ ।
- आफ्नो बच्चा हराएमा वा मरेको अवस्थामा ।
- ईख राखेको अवस्थामा । जिस्काउने वा लखेट्ने मान्छेको आवाज चिन्यो भने धेरै पछि सम्म पनि आक्रमण गर्न सक्छ ।

## हात्तीले आक्रमण गर्ने तरिका

- रिसाएको हात्तीले सुंड भुईमा पडकाउँदै धुलो छर्छ । कान ठाडो पार्दै अगाडितिर ल्याउँदै जोडले कराएर आक्रमण गर्दछ । सुंडले हानेर मान्छे लडाउँछ अनि खुट्टाले थिच्छ र सुंडले समातेर च्यात्छ ।
- अगाडी रहेको रुख ढालेर रुखको हाँगाले हान्ने वा ढुंगा वा अगाडी जे पाउँछ त्यसैले पनि हान्छ ।
- मान्छेलाई भुईमा पछारेपछि दाहाले घोचेर मार्छ । कहिले काँही सुंडले बेरेर पर हुत्याइदिन्छ वा रुखमा लगेर पछार्छ ।
- हात्ती रिसाएको बेला मान्छेको घर समेत भत्काईदिएको पाईन्छ ।
- आफू असुरक्षित भएको महशुस गरेको अवस्थामा हात्ती बढी आक्रामक हुन सक्छ । सामान्यतया पोथी भन्दा भाले हात्ती बढी आक्रामक हुन्छ ।


## हात्तीको आक्रमणबाट बच्ने उपाय

- हात्तीसंग जम्काभेट भएमा आफुसंग भएको सामान (टोपी, लुगा, झोला, चप्पल आदि) फ्याक्ने र बेतोडसंग बांगोटिगोगदैं दौडिने वा ढुंग्यान बगरतिर भाग्ने ।
- हात्तीले छोटो दुरीसम्म मात्र लखेट्छ । लखेटदै पछिपछि आउँदैन ।
- अलि छडके परेर ओरालो तिर, दलदल जमिन वा हिलो तिर भाग्ने ।
- ढलेको ठूलो रुखको मुनीबाट भाग्ने ।



- पुलपुलेसा तरेर भाग्ने ।
- हावाको विपरित दिशातिर भाग्ने ।
- जंगल जाँदा जाँडरक्सी नखाने, यसको गन्धले हात्तीलाई आकर्षित गर्दछ ।
- आगो वा राँको बालेर तर्साउने ।
- जंगल जाँदा हात्तीको ताजा पाइला वा दिशा याद गर्ने, सतर्क रहने र हात्ती भएको वा गएको दिशातर्फ नजाने । साथै रुख भाँचेको, सुंड बजारेको वा घुरेको पनि सुन्न सकिन्छ । यस्तो आवाज सुनेमा सतर्क हुने ।

## जंगल जाँदा ध्यान दिनुपर्ने कुराहरु




- जंगल भित्र कहिलै एक्लै जानु हुँदैन ।
- जंगल जाँदा जंगल सुहाउँदो पोशाक लगाउनु पर्छ । रंगीचंगी र भडकिलो लुगा लगाउनु हुँदैन, आफ्नो साथमा सधै बलियो लौरो बोक्नु पर्छ ।
- अत्तर वा बास्ना आउने वस्तु प्रयोग गर्नु हुँदैन, सधै जुत्ता लगाउनु पर्छ ।
- जंगलमा होहल्ला गर्नु हुँदैन ।
- रेडियो, क्यासेट, मोबाइल बजाउन वा हेडफोन प्रयोग गर्नु हुँदैन ।
- आँखा, कान, चनाखो राखी सतर्क रहनुपर्छ ।
- सफारी किट (झोला, दुरबीन, प्राथमिक उपचार सामग्रीका औषधी, चक्कु आदि) सधै साथमा राख्नुपर्छ ।
- जंगलमा जथाभावी रुखबिरुवा वनस्पति काटनु हुँदैन ।
- कुनैपनि जनावर चराचुरुगी बस्ने ठाउँहरु (प्वाल, गुंड वा टोडका आदि) चलाउनु वा बिगार्नु हुँदैन ।
- वन्यजन्तु देखिएमा शान्त एवं सतर्क भई टाढाबाट अवलोकन गर्नु पर्दछ ।
- कुनै पनि वन्यजन्तुको नजिक जाने वा जिस्काउने गर्नु हुँदैन ।
- कुनै जनावर घाईते वा मृत अवस्थामा भेटेमा तुरुन्त सम्बन्धित निकायमा जानकारी गराउनु पर्दछ।
- जंगलमा सलाई कोरी जथाभावी फाल्नु हुँदैन ।
- नदीनालाहरुमा नुहाउने वा आफुले लगेको खाद्यपदार्थको खोल, बट्टा, फोहोर आदि फाल्नु हुँदैन ।
- खोलामा बिषादीको प्रयोग गर्नु हुँदैन ।
- जंगल जाँदा धुम्रपान वा मद्यपान गर्नु हुँदैन ।
- वन क्षेत्र/संरक्षित क्षेत्र सम्बन्धि नीति नियमबारे जानकारी राख्नुपर्दछ ।

## सम्पर्क


प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल
इमेलः moitfepradesh1@gmail.com
फोन नं.: ०२१-४६०२२४, ४६१०४५, ४६३११९


# एसियाली हात्ती
# ASIAN ELEPHANT




प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल




## एसियाली हात्ती
## ASIAN ELEPHANT

| | |
|---|---|
| स्थानीय नाम | : एसियाली हात्ती |
| अंग्रेजी नाम | : Asian Elephant |
| वैज्ञानिक नाम | : *Elephas maximus* |

## शारीरिक बनावट



विश्वमा २ प्रजातिका (अफ्रिकी र एसियाली) हात्ती पाइन्छन् । एसियाली हात्ती हरेक समुदायमा प्रचलित जनावर मध्येमा पर्छ । यो एसियामा जमिनमा पाइने सबैभन्दा ठूलो स्तनधारी जनावर हो । खैरो चाउरी परेको छाला, लामो सुँड र ठूलो कानले गर्दा यसलाई सजिलै ठम्याउन सकिन्छ। यसको शरीरको लम्बाई ५.५-६.५ मि. सम्म र काँधसम्मको उचाई ३ मि. सम्म हुन्छ । यसको तौल २०००-५५०० कि.ग्रा. सम्म हुन्छ । यसको छालामा पसिना आउने ग्रन्थी हुँदैन । यसले आफ्नो कान हल्लाएर शरिरको तापक्रम घटाउँछ । हात्तीको श्रवण शक्ति निकै तिखो हुन्छ । यसले मानिसको क्षमताभन्दा अधिक ध्वनी (८-१२००० हर्ज) सुन्न सक्छ । भालेको सुँढको फेदमा बाहिर निस्किएको लामो एक जोडी दाहा हुन्छ। एसियाली हात्तीको पोथीमा त्यस्तो बाहिर निस्किएको दाहा नभए तापनि सुँढभन्दा बाहिर ननिस्किएको सानो दाहा हुन्छ । कुनै कुनै भालेमा पनि त्यस्तो दाहा हुँदैन र तिनीहरूलाई "मकुना" भनिन्छ ।

## बासस्थान र भौगोलिक बिस्तार

हात्ती उष्ण तथा उपोष्ण प्रदेशको ओसिलो र सुख्खा, चौडापाते जङ्गलमा बस्न मन पराउँछ । यो मौसमअनुसार आफनो वासस्थान र आफ्नो खाद्य व्यवहार परिवर्तन गरिरहन्छ । सुख्खा मौसममा यो नदी किनार र पानीको स्रोत नजिकै बस्छ । नेपालको २४ जिल्लाहरूमा हात्ती पाइन्छ भन्ने अनुमान गरिएको छ । यो तराईको सबै संरक्षित क्षेत्रहरूमा पाइन्छ । नेपालमा १०७-१४५ ओटाको सङ्ख्यामा जङ्गली हात्ती रहेका छन् । त्यस्तै करिब २०८ को सङ्ख्यामा घरेलु हात्ती रहेका छन् । हात्ती पूर्वी तराईमा झापाको बाहुनडाँगी, मध्य तराईमा पर्साको ठोरी, कञ्चनपुरको हतखला र पश्चिमको खाता र बसन्ता जैविक मार्गबाट नेपाल-भारतको सिमाना वारपार गर्छन् । नेपाल बाहेक हात्ती बङ्गलादेश, भुटान, कम्बोडिया, चीन, भारत, इण्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, श्रीलङ्का, थाइल्याण्ड, र भियतनाममा प्राकृतिक वासस्थानमा पाइन्छ ।

## आहार व्यवहार



हात्तीले घाँस, फल, बिरुवा, पात, रुखको बोक्रा खान्छ । यो निरन्तर १६ देखी १८ घण्टासम्म खाना खाइरहन सक्छ । यसलाई हरेक दिन किरब ३०० के.जी. खाना र किरब १५० लि. पानी आवश्यक पर्छ । हात्ती सुँढको मद्दतले खाना खाने, सास फेर्ने, नुहाउने, पानी पिउने, सुँघ्ने, धुलो सफा गर्ने, खेल्ने र अरूसँग जुध्ने काम गर्छ । यसले सुँडमा ५ लि. सम्म पानी जम्मा गर्न सक्छ भने निकै टाढाबाट पानीको स्रोत पत्ता लगाउन सक्छ ।

## प्रजनन र जीवन चक्र

हात्तीको उमेरलाई चार भागमा विभाजन गरिएको छ । एक वर्षभन्दा मुनिकोलाई "छावा", एक वर्षभन्दा माथिकोलाई "आंशिक वयस्क", पाँच वर्षभन्दा माथिकोलाई "उप वयस्क" र पन्ध्र वर्षभन्दा माथिकोलाई "वयस्क" भनिन्छ । स्रोतको पर्याप्तताको आधारमा हात्तीको प्रजनन् परिपक्वता ९-१२ वर्षसम्ममा हुन्छ भने यसको गर्भधारण अवधि १८ देखी २२ महिनाको हुन्छ । प्रजनन क्षमताले उन्मत भएको भालेलाई "मस्त" भनिन्छ । भाले जुनसुकै समयमा पनि प्रजनन् गर्न सक्षम भएतापनि वयस्क पोथीले मस्तलाई रुचाउँछे । हात्तीले एक पटकमा एउटा छावा जन्माउँछ । यसको प्राकृतिक आयु ६० देखी ७० वर्षसम्म हुन्छ भने यो चिडियाखानामा ८० वर्षसम्म बाँच्न सक्छ ।


## सामाजिक व्यवहार

हात्तीको झुन्डमा पोथी मुखिया हुन्छे । यसको झुन्डमा ६-१२ ओटा हात्तीको समूह हुन्छ । प्रजनन क्षमता विकास भएपछि भालेले आफ्नो आमाको समूह छोड्छ र जीवनभरी एक्लै बस्छ । वयस्क भालेले प्रजननको बेलामा मात्र पोथीसँग जोडी बनाउँछ । हात्ती परिस्कृत बानीव्यहोरा भएको सामाजिक एवं बुद्धिमान प्राणी हो । यसमा करुणाभाव र सिक्न सक्ने क्षमता हुन्छ, जसले गर्दा वस्तुहरूको प्रयोग गरी जटिल समस्याहरूको समाधान गर्न सक्छ । जङ्गली हात्तीलाई रोक्न बनाइएको विधुतीय धरापलाई यसले दाहा र काठको मद्दतले भत्काएका उदाहरणहरू छन् । यसको विचरण क्षेत्र वासस्थान, खाना र पानीको पर्याप्तताको आधारमा निर्धारण हुन्छ ।

## चुनौतीहरु तथा कानुनी व्यवस्था

हात्तीलाई आइ.यु.सि.एन. को विश्वव्यापी र राष्ट्रिय स्तरको रातो सूचीमा संकटापन्न (Endangered) र साइटिस महासन्धी अनुसार अनुसूची १ मा राखिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन वि.सं. २०२९ अनुसार हात्तीलाई नेपाल सरकारको संरक्षित जनावरको सूचीमा राखिएको छ । हात्तीलाई हानी पुर्याउने, मार्ने तथा यसको अखेटोपहारको व्यापार गर्नेलाई ५ लाख देखी १० लाख रुपैयाँसम्म जरिवाना वा ५ देखी १५ वर्षसम्म जेल सजाय वा दुवै हुन सक्ने प्रावधान रहेको छ । तैपनि वर्षेनी हुने यसको वासस्थान परिवर्तनका दौरान जैविक मार्गमा पर्ने गाउँ बस्ती तथा त्यहाँ लगाइएका कृषि बालीमा गर्ने नोक्सानीका कारण प्रतिशोधमा मारिन्छ । यसलाई दाहाको लागि पनि मारिन्छ । बासस्थानको कमी, चोरी शिकारी, मानवसँगको द्वन्द्वमा प्रतिशोधात्मक हत्या आदि चुनौतीहरुका कारणले गर्दा यसको सङ्ख्या घट्दै गएको छ । कतै कतै बाली नालीलाई हात्तीबाट जोगाउन मौरी पालन तथा बाघको आवाज रेकर्ड गरी बजाउने पनि गरिन्छ ।

## हातीबाट हुने क्षतिको राहत



वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बमोजिम हात्तीबाट मानवीय क्षति (घाइते र मृत्यु), भण्डारण अन्न क्षति, घरगोठ क्षति, बाली क्षति भएमा सम्बन्धित डिभिजन वन कार्यालय मार्फत राहत रकम उपलब्ध गराउने कानुनी व्यवस्था रहेको छ । राहत रकम उपलब्ध गराउँदा सामान्य घाइलेलाई बढीमा २० हजार, गम्भीर घाइले भएमा बढीमा २ लाख, अङ्गभङ्ग भई जीवनभर गम्भीर रुपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई जिविकोपार्जनका लागि एकमुष्ट ५ लाख, मृत्यु भएको व्यक्तिको हकमा नजिकको हकवालालाई १० लाख रुपैया, त्यसैगरी घरगोठ क्षति भएमा बढीमा २० हजार, अन्नको क्षति भएमा बढीमा १० हजार र बाली भएमा बढीमा १० हजार रुपैया रहेको छ । यसका अलावा नजिकको स्थानीय वन उपभोक्ता समूह तथा स्थानीय तहबाट समेत उपलब्ध स्रोतका आधारमा राहत रकम उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

## संरक्षणका उपायहरु



हात्ती एक छाता जीव (Umbrella species) हो । यसले जङ्गललाई परिवर्तन गरी स-साना जीवहरूका लागि वासस्थान बनाउँछ । विजहरूलाई वितरण गरी पर्यावरण जोगाउने हुनाले यसलाई पर्यावरणको इन्जिनियर पनि भनिन्छ । अतः हात्तीलाई जोगाउनु भनेको सम्पूर्ण जङ्गल र वासस्थान जोगाउनु हो । हात्ती जोगाउनका लागि सबैभन्दा महत्वपूर्ण कार्य भनेको यसको प्राकृतिक वासस्थान जोगाई यसको वासस्थानहरूलाई जोड्ने जैविक मार्गको संरक्षण गर्नुपर्छ । हात्तीको चोरी शिकारी र अखेटोपहारमा पूर्ण प्रतिबन्ध लगाएर पनि यसलाई संरक्षण गर्न सकिन्छ । स्थानीयवासी तथा सरकारी संयन्त्रहरू मिली जनचेतना फैलाउने र मानव र हात्तीबीचको द्वन्द्व कम गर्न उचित प्रावधान मिलाएर पनि यसलाई जोगाउन सकिन्छ । हात्तीको वासस्थान नजिकै रहेका वस्तीहरूमा पर्यटनको विकास गरी स्थानीयवासीको आयस्रोत बढाई तथा स्थानीयवासी र पुरै समाजको सहायता लिएर हात्ती संरक्षण गर्न सकिन्छ ।

## हात्ती व्यवस्थापनका लागि गर्नु पर्ने कामहरु



- आहाल/पोखरी निर्माण तथा व्यवस्थापन गर्नुपर्ने।
- हात्ती आवतजावत गर्ने स्थान तथा मानव हात्ती द्वन्द उत्सर्गमा पुग्ने समयमा मानवीय गतिविधिमा सावधानी/नियमन गर्ने ।
- स्थानीयस्तरमा रहेका संचारमाध्यमबाट सुचना संप्रेषण, जनचेतना अभिवृद्धिका लागि स्थानीय भाषा, कलाको प्रयोग गर्ने ।
- विधुतीय तारबार निर्माण तथा अनुगमन गर्नुपर्ने ।
- नीतिगत तहमा छलफल/नीति निर्माण तथा कार्यान्वयन गर्नुपर्ने ।
- वन क्षेत्रमा हात्तीले मनपराउने आहाराको व्यवस्थापन/रोपण तथा संरक्षण गर्नुपर्ने ।
- वन्यजन्तुमैत्री वृक्षारोपणमा बढावा दिदै (तोरी, तिल पर्ने ), मौरी पालन लगायतको कार्यलाई बढावा दिनु पर्ने ।
- हातीको जैविक मार्गमा मानिसको बचाउको लागि मचान निर्माण गर्नुपर्ने ।
- हात्ती संरक्षण हेतु अध्ययन अनुसन्धान हुनुपर्ने ।